पृष्ठ १ बाट क्रमश:

## डेढ महिनापछि...

अधिवक्ता प्रतिभा उप्रेती र विशाल थापाले दायर गरेको रिट सर्वोच्च प्रशासनले दर्ता नगरी दरपीठ गरेपछि उनीहरू अर्को मुद्दा राख्ने तयारीमा रहेको बुझिएको छ। गभर्नर नियुक्तिको योग्यतामाथि उठाइएको प्रश्न गम्भीर भए पनि अहिले अपरिपक्व देखिएको अदालतको ठहर छ।

१८औं गभर्नर बनेका डा. पौडेललाई बुधबार (आज) सर्वोच्च अदालतका प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले शपथ गराउनेछन्। शपथलगत्तै उनी दिउँसो पदभार ग्रहण गर्न नेपाल राष्ट्र बैंकको बालुवाटार स्थित कार्यालय जानेछन्।

नेपाल राष्ट्र बैंकमा गभर्नर बन्ने तरखरमा रहेका ज्ञानेन्द्र ढुंगाना, डा. रवीन्द्र पाण्डे, राजेन्द्रकिशोर क्षेत्री, सुशील भट्ट, डा. प्रकाश श्रेष्ठ, डा. गुणाकार भट्टलगायतको नाम सिफारिस समितिमा नै नअट्नेगरी विभिन्न लफडा भएको थियो।

गभर्नर बनाउन राष्ट्र बैंकको कार्यकारी निर्देशकबाट राजीनामा दिइसकेका गुणाकरलाई बलिको बोकोजस्तै बनाइएको थियो।

तीन साताअघि शेरबहादुर देउवा थाइल्यान्ड जानुपूर्व गुणाकरलाई गभर्नर बनाउनेगरी सहमत कायम भएको थियो। गुणाकरलाई गभर्नर बनाउन ओली सहमत भएपछि देउवा थाइल्यान्ड उडेका थिए। तर, प्रधानमन्त्री ओलीले कामु गभर्नरले गुणाकरको राजीनामा स्वीकृत नगरेको भन्दै गभर्नर नियुक्ति प्रक्रिया अगाडि बढाएका थिएनन्।

गभर्नर नियुक्तिका विषयमा छताछुल्ल भएपछि र कांग्रेसले गठबन्धन छाड्नेसम्मको चेतावनी दिएपछि गभर्नर नियुक्त गर्न एमाले सहमत भएको बताइएको छ। यद्यपि, पौडेलमाथि विभिन्न लाञ्छना लगाउँदै मुद्दा हाली निलम्बनमा राख्ने र ढुंगानालाई नै कामु दिने योजना एमालेको रहेको दाबी गरिएको छ।

पौडेल २०७९ मंसिरमा भएको निर्वाचनमा चितवनबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार थिए। उनले डा. प्रकाशशरण महत अर्थमन्त्री हुँदा अर्थ मन्त्रालयको प्रमुख सल्लाहकार भएर बजेट निर्माणमा सहयोग गरेका थिए। उनी अहिले काठमाडौं विश्वविद्यालयमा अध्यापन गर्छन्।

उनले बैंकिङ क्षेत्रले विश्वास गुमाउँदै गएको र केही बैंक साँच्चै नै समस्यामा परेको अवस्थामा गभर्नरका रूपमा आफूले विश्वास आर्जनमा काम गर्दै कमजोर वित्तीय क्षेत्रलाई बलियो बनाउन ध्यान दिने बताएका छन्।

गभर्नरमा नियुक्त पौडेलले अमेरिकाबाट अर्थशास्त्रमा विद्यावारिधि गरेका छन्। उनी राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसमेत रहेका थिए। उनीसँग अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को आर्थिक सल्लाहकारका रूपमा काम गरेको अनुभव पनि छ। पौडेललाई नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाका विश्वास पात्रका रूपमा लिने गरिन्छ। २०७८ सालमा देउवा प्रधानमन्त्री भएका बेला उनलाई कांग्रेसकै कोटामा राष्ट्रिय योजना आयोगको उपाध्यक्ष बनाइएको थियो। उनले देउवापत्नी आरजु राणाको युलेन्स एजुकेसन फाउन्डेसनको बोर्ड अफ ट्रस्टी सदस्यका रूपमा समेत कार्य गरेका छन्।

डा. पौडेलको घर चितवन हो। उनले चीनको विश्वविद्यालयबाट इन्जिनियरिङमा स्नातक तहको अध्ययन गरेका छन्। उनले युनिभर्सिटी अफ क्यालिफोर्नियाबाट अर्थशास्त्रमा विद्यावारिधि गरेका हुन्। उनले अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालयबाट कृषि तथा स्रोत अर्थशास्त्रमा विद्यावारिधि गरेका छन्। उनी नेपालको समसामयिक आर्थिक मुद्दाहरूमा स्पष्ट दृष्टिकोण र गहिरो अध्ययनका लागि चिनिन्छन्। पौडेलले सानिमा बैंक लिमिटेडमा निर्देशकका रूपमा कार्य गरेका छन् भने सानिमा मिडिल तमोर हाइड्रोपावर कम्पनीमा सञ्चालकका रूपमा पनि आबद्ध रहेका छन्।

यस्तै, अन्तर्राष्ट्रिय स्तरमा पनि डा. पौडेलको अनुभव प्रशंसनीय छ। उनले अन्तर्राष्ट्रिय श्रम संगठनमा आर्थिक सल्लाहकारका रूपमा कार्य गरेका छन्। यस्तै, मिलेनियम च्यालेन्ज नेपाललगायत विभिन्न अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरूसँग सहकार्य गर्दै आएका छन्।

गभर्नर भएसँगै सुस्त अर्थतन्त्रलाई गति प्रदान गर्ने तथा खराब कर्जाको चपेटामा परेको बैंकिङ क्षेत्रलाई सुरक्षित अवतरण गराउनुपर्ने उनको मुख्य चुनौती बनेको छ। नेपाल उद्योग परिसंघको प्रमुख आर्थिक सल्लाहकारसमेत भएका पौडेल नेपालको विकास प्रक्रियाबारे विस्तृत बुझाइ भएका व्यक्ति हुन्।

## न्यायपरिषद्का...

प्रधानन्यायाधीशको अध्यक्षतामा रहने न्यायपरिषद्को सिफारिसमा राष्ट्रपतिले सर्वोच्चका न्यायाधीश नियुक्त गर्ने संवैधानिक व्यवस्था छ। सिफारिस गरिएकाहरूको नियुक्तिअघि संसदीय सुनुवाइ अनिवार्य हुन्छ। २० असोज २०८१ मा प्रकाशमान सिंह राउत प्रधानन्यायाधीश भएयता न्यायपरिषद्को बैठक बसेर न्यायाधीश नियुक्ति गर्न सकिरहेका छैनन्।

न्यायपरिषद् नियमावलीको नियम ४(१) ले उमेरहदका कारण न्यायाधीशले अवकाश पाउनुभन्दा एक महिनाअगावै सो स्थानमा नयाँ नाम सिफारिस गर्नपर्ने व्यवस्था गरेको छ। न्यायपरिषद् आफैंले तयार गरेको २०८०/८१ को वार्षिक प्रतिवेदनमा रिक्त न्यायाधीश नियुक्तिको प्रक्रिया समयसारिणीअनुसार हुन नसकेको उल्लेख गरेको छ। यसको अनिवार्य प्रयोग हुनुपर्ने भन्दै प्रतिवेदनको सुझाव खण्डमा भनिएको छ, '...उच्च अदालत र सर्वोच्च अदालतमा समेत रिक्त न्यायाधीशको पदपूर्ति समयमै हुन नसकेकाले न्यायपरिषद् ऐन, २०७३ ले निर्धारण गरेबमोजिमको समयावधिभित्रै गर्नपर्ने देखिन्छ।'

सर्वोच्चमा लामो समयदेखि न्यायाधीश रिक्त हुने र न्यायपरिषद्ले नियुक्ति प्रक्रियामा ढिलाइ गर्दै आइरहेको छ। न्यायाधीश नियुक्तिमा ढिलाइ हुनुको एउटा कारण भनेको राजनीतिक भागबन्डा हो। सर्वोच्चमा भावी प्रधानन्यायाधीशको रोलक्रममा कसलाई राख्ने भन्ने राजनीतिक रस्साकस्सीका कारण पनि लामो समयदेखि न्यायाधीश सिफारिस हुन सकेको छैन।

### ८ वर्षदेखि न्यायालयमा न्यायाधीश नियुक्तिमा ढिलाइ

न्यायपरिषद्ले पछिल्ला ८ वर्षदेखि सर्वोच्चमा समयमा न्यायाधीश नियुक्ति सिफारिस गर्न सकेको देखिँदैन। २०७४ सालमा तत्कालीन प्रधानन्यायाधीश गोपालप्रसाद पराजुली र उनीपछिका ओमप्रकाश मिश्रले त न्यायपरिषद्को बैठक बोलाउने वातावरण नै बनेन। त्यसपछि प्रधानन्यायाधीश बनेका चोलेन्द्रशमशेर जबराले न्यायपरिषद्को बैठक राखे पनि उनको अध्यक्षतामा बसेको परिषद्ले गरेको न्यायाधीश नियुक्ति सिफारिस विवादित बन्न पुग्यो। आफूअनुकूल र बहस नै नगरेका कानुन व्यवसायी र बिचौलियाको काम गर्ने व्यक्तिलाई उच्च अदालतमा न्यायाधीश नियुक्तिले न्यायालयको छवि धूमिल बनाउने काम गरे।

विवादका बीच चोलेन्द्रशमशेर जबरालाई महाअभियोग लाग्यो। महाअभियोग हाल पनि विचाराधीन नै छ। उनीपछि सर्वोच्चमा प्रधानन्यायाधीशमा हरिकृष्ण कार्की सिफारिस भए। छोटो समयका लागि कार्की प्रधानन्यायाधीश बनेका कारण पनि उनले न्यायपरिषद् बैठक राखेर न्यायाधीश नियुक्ति सिफारिस गर्न सकेनन्। उनीपछि प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ बने। उनको कार्यकालमा उच्च र जिल्लामा न्यायाधीश नियुक्त भए। उनले अवकाशमा जानुअघि सबै ठाउँमा न्यायाधीशको पदपूर्ति गर्न खोजे पनि नेपाल बारको विरोधका बाबजुद सर्वोच्चमा दुई जना न्यायाधीश नियुक्तिको सिफारिस गरेका थिए। श्रेष्ठको अनिवार्य अवकाशपछि २० असोज २०८१ मा प्रकाशमानसिंह राउत प्रधानन्यायाधीश बने। उनको कार्यकालको सात महिना बितिसक्दा पनि न्यायाधीश नियुक्तिमा विलम्ब देखिएको छ।

### के छ संविधानमा व्यवस्था ?

संविधानको धारा १२९ मा न्यायाधीश नियुक्तिसम्बन्धी व्यवस्था छ। सो धारामा नेपालका प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति र योग्यता उल्लेख छ। सो धाराको उपधारा १ मा सर्वोच्च अदालतमा प्रधानन्यायाधीशका अतिरिक्त बढीमा २० जना न्यायाधीश रहने भनिएको छ। उपधारा २ मा संवैधानिक परिषद्को सिफारिसमा प्रधानन्यायाधीशको र न्यायपरिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुने भनिएको छ।

उपधारा ३ मा सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा ३ वर्ष काम गरेको व्यक्ति प्रधानन्यायाधीशको पदमा नियुक्ति हुन योग्य हुने भनिएको छ। उपधारा ५ मा 'सर्वोच्चमा नियुक्तिका लागि कानुनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा ५ वर्ष काम गरेको वा कानुनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा १५ वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा १५ वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानुनविद्का रूपमा ख्याति प्राप्त गरेको वा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा १२ वर्ष काम गरेको नेपाली नागरिक सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिनेछ' भनिएको छ।

## न्याय...

अस्पतालको आकस्मिक कक्षको १४ नं बेडमा भर्ना भई उपचाररत सनिजाले आफू र छोरालाई यस अवस्थामा सासू आयशा खातुन र नन्द मरियम खातुनले पुऱ्याएको बताएकी छन्। उनका श्रीमान् मोहम्मद आकुब विगत २ वर्षदेखि रोजगारीको सिलसिलामा कतारमा छन्। सासू र नन्दले श्रीमान् आकुबलाई झुटो कुरा लगाएर तलाकको अवस्थामा समेत पुऱ्याइदिएको सजिनाले बताइन्।

'नभएका कुराहरू सासू र नन्द मिलेर विदेशमा रहेका श्रीमान्लाई पुऱ्याएपछि ९ महिनाअघि फोनबाटै 'तलाक' दिए,' सजिनाले भनिन्, 'विवाह दर्ता र नागरिकता बनाइदिन पटकपटक आग्रह गर्दा ममाथि यसरी शारीरिक र मानसिक यातना दिन थालिएको हो।' उनले सासू र नन्द मिलेर आफूलाई घर निकाला गर्न अनेकौं प्रकारका दुःख दिन थालेको सुनाइन्। 'पछिल्लोपटक कुटपिट मात्र गरेनन्, घरको शौचालयमा समेत बालुवा गिट्टी भरेर शौचका लागि खुला चउरमा जान बाध्य बनाए,' उनले भनिन्।

सो घरमा सनिजा एक्लै बस्दै आएकी छन्। सासू भने गाउँमै अर्को ठाउँमा रहेको छोरी मरियमको घरमा बस्दै आएको उनले सुनाइन्। भारतको विहार राज्य कुनौली ग्रामपञ्चायत डगमारा माइती भएकी सनिजाको ८ चैत २०७८ मा मोहम्मद आकुबसँग मुस्लिम धर्म परम्पराअनुसार मौलानाको उपस्थितिमा विवाह (निकाहनामा) सम्पन्न भएको थियो। छोरीको विवाहमा आफूहरूले खेतीयोग्य जग्गा बेचेर नगद ५ लाखसहित १५ लाख रुपैयाँ खर्च गरेको सानीआमा नाजोले सुनाइन्।

मंगलबार अस्पताल परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै आमा नजिराले भनिन्, 'सासू आयशा र नन्द मरियमकै कारण छोरीलाई सम्बन्ध विच्छेद र कुटपिट गरी जीवन मरणको दोसाँधमा पुऱ्याइएको छ, अब कति सहनु ?'

उपचारका लागि काखे छोरासहित अस्पताल भर्ना भएकी सनिजाले विवाहको ३ वर्षभन्दा बढी भइसक्दा पनि श्रीमान्ले विवाह दर्ता र नागरिकता नबनाइदिएको र बनाइदिन फोनबाट पहलका लागि आग्रह गर्दा 'किन हतार गरेको' भन्दै रिसाउने गरेको सुनाइन्।

सनिजाले विवाह भएपछि विवाह दर्ता र सन्तान जन्मिएपछि जन्म दर्ता गराइदिन माग गर्नं स्वाभाविक भए पनि श्रीमान्, सासू र नन्दले यसलाई अपराध गरेझैं लिएको पीडा पोखिन्।

उनले विदेशमा रहेका श्रीमान्लाई सासू र नन्दले झुटो कुरा लगाएर भड्काउने गरेको र सोको प्रतिवाद गर्दा दुःख पाएको सुनाइन्। उनले गत १९ मंसिर साँझ आफू गाउँका एक आफन्तको वैवाहिक कार्यक्रममा सरिक हुन गएका बेला नन्द मरियमले कोठामा रहेको दराजबाट सुनको सिक्री, टीका, नथुनी, औंठी गरी करिब ५ तोला र चाँदीको १० तोलाको विभिन्न गरगहना चोरी गरी लगेको र सोबारे इलाका प्रहरी कार्यालय पातो हुँदै जिल्ला प्रहरी कार्यालयसम्म पुगेर उजुरी दिएको बताइन्।

सजिनाले उजुरीमार्फत घरमा चोरी गर्ने तथा आफूलाई तलाकसम्मको अवस्थामा पुऱ्याउनेहरूमाथि ठगी तथा आपराधिक विश्वासघात मुद्दाअन्तर्गत कारबाही हुनुपर्ने मागसमेत गरेकी छन्। तर, अहिलेसम्म न्याय पाउन नसकेको उनको गुनासो छ। सनिजामाथि अन्याय भएको भनेर ब्रह्मपुर टोलका मुस्लिम अगुवाले साथ दिइरहे पनि हिंसा गर्नेहरूमाथि अहिलेसम्म कुनै कारबाही नभएको आमा नजिराले पीडा पोखेकी छन्।

छोरी सनिजामाथि लगातार एकपछि अर्को हिंसा र तलाकको कुरा आएपछि आफूले सप्तरी जिल्ला अदालतमा अंश र मानाचामल मुद्दा हालेको बताउँदै उनले ज्वाइँले छोरीलाई फोनमार्फत दिएको तलाकनामा फिर्ता तथा उनीसँगै सुरक्षित साथ बस्ने वातावरण मिलाइदिन पनि सम्बद्ध सरोकारवाला निकायसँग आग्रह गरेकी छन्। उनले छोरीलाई दुःख दिनेविरुद्ध प्रहरीमा उजुरी हालेपछि पीडकलाई पक्राउ गर्ने आश्वासन पाए पनि हालसम्म उनीहरूलाई पक्राउ नगरिएको गुनासो समेत गरेकी छन्।

यता, सनिजाकी सासू आयशाले घरायसी विवादमा झैझगडा हुँदा आफूलाई समेत चोटपटक लागेको दाबी गरेकी छन्। 'झगडाको सुरुवात बुहारी सनिजाले नै गरेकी हुन्,' सासू आयशाले भनिन्, 'आत्मरक्षाका क्रममा म आफैं घाइते भएकी छु।'

उनले सनिजाले प्रयोग गर्ने शौचालयमा आफूहरूले बालुवा गिट्टी हालेर अवरुद्ध पार्ने कुनै प्रयास नगरेको दाबीसमेत गरेकी छन्। सो प्रकरणबारे जिज्ञासा राख्दा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक जीतेन्द्रकुमार बस्नेतले दुवै पक्षलाई झिकाई समस्या समाधानको प्रयास थालिएको बताएका छन्। उनले कुटपिट घटनाको पनि अनुसन्धान भइरहेको र दोषी पाइएकालाई कानुनबमोजिम कारबाही गरिने बताए।

---

## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**भकुण्डेबेसी, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८२/०२/०७

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८१/१२/१५ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपशिल

| सि. नं. | बोलपत्र नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | NMUN/NCB/ WORK/ 081/082-10 | Construction of Administrative Block Of Janak Ma.Vi | श्री S and M Nirman Sewa Pvt. Ltd, नमोबुद्ध-८, काभ्रे | रु. १,५०,३७,१५०।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

---

*Bishnupur Rural Municipality*
*Office of Rural Municipal Executive*
*Bishnupur, Siraha*
*Madhesh Province, Nepal*
**Date of publication: 2082-02-07**

### Invitation for Electronic Bids

1. ***Bishnupur Rural Municipality, Bishnupur, Siraha*** invites electronic Bids for eligible bidders for following project.

| Contract No/Id | Description of Work | Estimated Amount (With VAT & PS) | Bid Security & Valid Days | Bid Document Fee (NRs.) | Deadline for Bid Submission Date and Time | Bid Opening Date and Time | Bank A/C Details (For cost of Bid Document & Bid Security Amount) |
|---|---|---|---|---|---|---|---|
| BRM/NCB/ Works-24-2081/082 | Khanepani Purwadhar Nirman, Bishnupur Ga.Pa.-3 | 19458741 | 500000 & 120 days | 3000 | 2082-03-06 12:00 Noon | 2082-03-06 13:00 PM | Name of the Bank: **Nepal Investment Mega Bank Nepal Limited** Name of Office: Bishnupur Gau Karyapalikako, Karyalaya Office Account no.: **16801400000093** (Rajaswa) Office Account no.: **16801400000086** (Security) |

2. Eligible Bidders may obtain further information from (9852834759, website: https://bishnupurmunsiraha.gov.np/) ***Bishnupur Rural Municipality, Bishnupur, Siraha or may download bidding document from PPMO's e-gp system*** www.bolpatra.gov.np./egp ***under name of Bishnupur Rural Municipality, Bishnupur, Siraha.***
3. Interested bidders shall register in e-GP system and shall summit their bid through PPMO's e-GP system www.bolpatra.gov.np./egp system before above mentioned date & times.

---

## Bateshwor Rural Municipality
## Office of Rural Municipal Executive

**Bateshwor, Dhanush**
**Madhesh pradesh, Nepal**

### Invitation for only electronic bids

**First Date of publication: 2025-May-21(2082-02-07)**

1. Bateshwor Rural Municipality invites only electronic bids from nepalese eligible bidders for following projects under bids procedures visit://bolpatra.gov.np/egpbateshwormun@gmail.com, 9854060412, 9840090472

| S. N. | Contract ID No:- | Descriptions of works | Bid validity period | Estimated Amount with VAT and PS | Bid bond Amount | Non Refundable fee | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | 02/BRM/Works/NCB/ 2081/2082 | Deepboring operation and irrigation electrification works in Bateshwor Rural Municipality, Dhanusha | 90 days | Rs. ***79,96,630.32*** | Rs.1,99,920 | Rs.3000 | |

**Further Information to bidders-**

| | |
|---|---|
| **Last date and Time bid Submission** | **20/June/2025(2082/03/06) upto 12Noon** |
| **Date,Time and place of bid opening** | **20/June/2025(2082/03/06)2pm at** Bateshwor Rural Municipality, Office of Rural Municipal Executive , Bateshwor, Dhanusha |
| **Bid security Validity period** | **30 days beyond bid validity period** |
| **Account No. for bid document purchase** | Name of the Bank:- NMB Bank, Name of Office:- Bateshwor Rural Municipality, Bateshwor, Dhanusha. Rajaswa (revenue) Account No.:- 1020067636300013 |
| **Account No. for Bid Security Deposit** | Name of Office: Bateshwor Rural Municipality, Bateshwor, Name of Bank:- NMB Bank, Bateshwor Branch, Dhanusha, Dharauti (Deposite) Account No.:- 1020067636300172 |

2. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
3. The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so over.

**Chief Administrative Officer**